जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
**गोलबजार नगरपालिका-६, सिरहा**
**फोन नं.: ०३३-५४०३५६**
**मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६**
*इमेल* : mgnd2070@gmail.com

बर्षः १२, अंकः २७२ पृष्ठः ४ | २०८२ फाल्गुन १० आइतबार (Sunday 21 Feb. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहामा मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई प्रशिक्षण

सिरहा, ९ फाल्गुन। यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै जिल्ला निर्वाचन कार्यालय सिरहाले मतदान अधिकृत तथा सहायक मतदान अधिकृतका लागि एक दिने प्रशिक्षण सञ्चालन गर्ने भएको छ। कार्यालयले शुक्रबार एक सूचना जारी गर्दै शनिबारदेखि प्रशिक्षण सुरु हुने जनाएको हो। जिल्ला निर्वाचन कार्यालयका प्रमुख राजन श्रीवास्तवका अनुसार प्रशिक्षण सदरमुकामस्थित सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस सिरहामा सञ्चालन हुनेछ। प्रशिक्षण बिहान १० बजेदेखि सुरु हुने जनाइएको छ। "निर्वाचनलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित रूपमा सम्पन्न गर्न आवश्यक ज्ञान र सीप अभिवृद्धि गर्ने उद्देश्यले प्रशिक्षण आयोजना गरिएको हो," प्रमुख श्रीवास्तवले बताए।

कार्यालयका अनुसार निर्वाचन क्षेत्र नं १, २, ३ र ४ का मतदान अधिकृतका लागि फरक-फरक मितिमा प्रशिक्षण सञ्चालन गरिनेछ। त्यसैगरी निर्वाचन क्षेत्र नं १ र २ तथा निर्वाचन क्षेत्र नं ३ र ४ का सहायक मतदान अधिकृतका लागि पनि छुट्टाछुट्टै प्रशिक्षण मिति निर्धारण गरिएको छ। प्रशिक्षण १४ गतेसम्म सञ्चालन हुने जनाइएको छ। "तोकिएको मिति र समयमा सम्बन्धित सबै अधिकारी अनिवार्य रूपमा उपस्थित हुनुपर्नेछ," कार्यालयद्वारा जारी सूचनामा उल्लेख छ। प्रशिक्षणमा मतदान प्रक्रिया, मतपत्र व्यवस्थापन, मतदान केन्द्र सञ्चालन, आचारसंहिता पालना, मतगणना प्रक्रिया तथा आकस्मिक अवस्थाको व्यवस्थापन लगायतका विषयमा जानकारी दिइने जनाइएको छ। यस प्रशिक्षणले निर्वाचन कार्यलाई थप प्रभावकारी, मर्यादित र विश्वसनीय बनाउन सहयोग पुग्ने विश्वास कार्यालयले लिएको छ। जिल्ला निर्वाचन कार्यालयले सम्बन्धित सबै मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई समयमै उपस्थित भई प्रशिक्षण सफल बनाउन आग्रह गरेको छ।

## सिरहामा स्रोत नखुलेको १४ लाखसहित युवक पक्राउ

सिरहा, ९ फाल्गुन। सिरहाको औरहीबाट प्रहरीले स्रोत नखुलेको रु १४ लाख रकमसहित एक युवकलाई पक्राउ गरेको छ। औरही गाउँपालिका–५ स्थित औरही चोकमा गरिएको विशेष जाँचका क्रममा उक्त रकम बरामद भएको हो। पक्राउ पर्नेमा सिरहाकै बरियारपट्टी गाउँपालिका–३ शिवनगरका २१ वर्षीय सञ्जितकुमार यादव रहेका छन्। जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार यादवलाई आज नियन्त्रणमा लिइएको हो। बरियारपट्टीबाट औरहीतर्फ मोटरसाइकलमा आउँदै गरेका यादवलाई शङ्का लागेर प्रहरी टोलीले खानतलासी गरेको थियो। सो क्रममा उनको साथबाट एक हजार दरका एक हजार ४०० थान नोट (कूल रु १४ लाख) फेला परेको प्रहरीले जनाएको छ।

प्रहरीले सो रकमको स्रोत खुलाउन माग गर्दा यादवले कुनै पनि वैध प्रमाण पेस गर्न सकेका

**–बाँकी दुई पेजमा**

## खैरो हिरोइनजस्तो पदार्थ सहित तीनजना पक्राउ

सिरहा, ९ फाल्गुन। सिराहाको लहान नगरपालिका- १०, ग्रामीण चोकबाट प्रहरीले खैरो हिरोइनजस्तो पदार्थ बिक्री-वितरण गरिरहेको अवस्थामा एक युवतीसहित तीनजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार ग्रामीण चोकमा प्रतिबन्धित लागूऔषध बिक्री-वितरण गरिरहेको भन्ने गोप्य सूचनाको आधारमा प्रहरीले एक युवतीसहित तीनजनालाई पक्राउ गरेको हो। पक्राउ पर्नेहरूमा सिराहाको सुखीपुर नगरपालिका- ८ की करिब २१ वर्षीया पिरतीकुमारी चौधरी, सप्तरीको सुरुंगा नगरपालिका- ५, कुसहाका करिब २४ वर्षीय भगवती चौधरी र अग्निसाइर कृष्णसवरण गाउँपालिका- १, महुलीका करिब १९ वर्षीय शोभित चौधरी रहेको प्रहरीले जनाएको छ।

पक्राउ परेकाहरूको साथबाट दुईवटा प्लास्टिकको पोकामा प्लास्टिकबाहेक तीन ग्राम खैरो हिरोइनजस्तो देखिने पदार्थ, प्र.२ – ०१–००१ प ४४०९ नम्बरको पल्सर

**–बाँकी तीन पेजमा**

## सब–इन्जिनियर हत्या घटना : न्यायको पर्खाइमा परिवार

प्रमोदकी बहिनी निर्मलाका आँखामा आँसु ओभाएका थिएनन्। प्रमोदकी पत्नी पुनम यादव पतिको सम्झनामा भक्कानिइरहेकी थिइन्।

**सुरेश राय**

सिरहा, ९ फाल्गुन। सर्लाहीमा हत्या गरिएका सब–इन्जिनियर प्रमोदकुमार यादवको फागुनको सिरहा वैशखास्थित घरबाहिरको दृश्यले मन गह्रुँगो पाऱ्यो। घरअगाडि केही वृद्ध, बालबालिका र महिला बसिरहेका थिए। सबैका नजरमा एक प्रकारको अपेक्षा भाव झल्किएको थियो। जस्तो- कोही आउँछ र न्याय दिलाउँछ। 'तपाईं को हुनुहुन्छ ?' सञ्चारकर्मी देखेपछि उनीहरूले जिज्ञासा राखे। सञ्चारकर्मी भन्ने जवाफ पाएपछि एकाएक सबैका हात जोडिए। 'जसरी भए पनि न्याय



दिलाइदिनुस्,' एक जना वृद्धले अनुनय गरे। घर आँगन शोकको दृश्यले आह्लादित थियो। दलानमा मृतक प्रमोदका दाइ मनोज सेतो शोकको पहिरनमा थिए। प्रमोदकी बहिनी निर्मलाका आँखामा आँसु ओभाएका थिएनन्। प्रमोदकी पत्नी पुनम यादव पतिको सम्झनामा भक्कानी रहेकी थिइन्।

घर चलाउने व्यक्ति अनाहक मारिएकामा सिंगो परिवार स्तब्ध थियो। त्यसको केही समयअघि मात्रै उनका बुवाको निधन भएको थियो। लगालग दुई मृत्यु र त्यो भन्दा बढी शोक हत्यारा अहिलेसम्म पत्ता नलागेकामा सुनियो। ३७ वर्षीय सब–इन्जिनियर यादवको फागुन ३ गते सर्लाहीको मलंगवामा अज्ञात व्यक्तिको गोलीबाट मारिएका थिए। त्यो दिन बुवाको अन्तिम संस्कार सकाएर प्रमोद कार्यालय जान सर्लाही फर्किएका थिए।

**–बाँकी दुई पेजमा**



**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**निर्वाचनलाई वातावरणमैत्री बनाऔं।**

- सभा, जुलुस, र्‍याली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं।
- निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं।
- निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं।
- निर्वाचन प्रचारप्रसारमा सभा, जुलस वा र्‍यालीमा ध्वनि तथा वायु प्रदूषण न्यून गर्ने उपाय अपनाऔं।
- निर्वाचन प्रचारप्रसारमा प्लाष्टिकजन्य सामग्रीको प्रयोग नगरौं।
- निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिऔं।
- निर्वाचनका समयमा पर्चा/पोष्टर टाँस्ने वा भित्तेलेखन जस्ता कार्य नगरौं/नगराऔं।
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं।

**हरित निर्वाचन अभियानलाई सफल पारौं।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## निर्वाचनमा मतदानमात्र लोकतन्त्र होइन

राणाकालको 'कालको ओखती र हुकुमको जवाफ छैन' भन्ने भनाइ पञ्चायतकालमा पनि प्रचलित थियो। यी दुवै व्यवस्था लोकतान्त्रिक थिएनन्। यसैले तिनमा शासकको क्रियाकलापमा प्रश्न उठाउन नपाइने बन्दोबस्त हुनु अस्वाभाविक होइन। लोकतन्त्र भने शासक र नागरिक सबै समाजप्रति जवाफदेही हुनुपर्ने पद्धति हो। संविधान, आवधिक निर्वाचन र संस्थागत संरचनाले मात्र कुनै शासन पद्धति लोकतान्त्रिक हुँदैन। यस्तै, राजनीतिक दल, सभा जुलुस गर्दैमा समाज लाकतान्त्रिक मानिन सक्दैन। लोकतन्त्रको वास्तविक आधार जवाफदेही हो। प्रश्न गर्ने, असहमति व्यक्त गर्ने र तर्कसंगत संवाद गर्ने संस्कृति हो। प्रश्नलाई शत्रुता ठान्ने वा प्रश्न छल्नु पौरख ठानिने समाजमा लोकतन्त्रको आत्मा नै क्षीण हुँदै जान्छ। नेपालमा अहिले यस्तै वा आलोचना सुन्न नचाहनेमात्र होइन सुन्नै नसक्ने प्रवृत्ति राजनीतिक वृत्त बढ्दो देखिन्छ। यसले लोकतान्त्रिक संस्कृतिमाथि नै गम्भीर प्रश्न उठाएको छ।

जर्मन दार्शनिक योर्गेन हाबरमास 'सार्वजनिक क्षेत्रको अवधारणा'मा लोकतन्त्रको सार नागरिकबीचको खुला र विवेकपूर्ण संवादमा निहित हुन्छ भन्छन्। उनका अनुसार त राज्यको वैधता नै नागरिकहरूको तर्कपूर्ण विमर्शबाट उत्पन्न हुन्छ। सार्वजनिक विमर्शलाई सीमित वा आलोचनालाई निषेध गरियो भने लोकतन्त्रको आवरणमात्र बाँकी रहन्छ। नेपाली समाज आलोचना वा प्रश्नप्रति यति सङ्कीर्ण र अनुदार सम्भवतः पहिले कहिल्यै थिएन। अहिले शिष्ट शब्दमा प्रश्न गर्ने र शालीन उत्तर दिने व्यक्ति नेपालको राजनीतिमा बिरलै भेटिन्छन्। त्यसमाथि अनुहार लुकाएर वा छद्म आवरणमा आक्रमण गर्ने सुविधाले सामाजिक सञ्जाललाई सबैभन्दा बढी अमाजिक हुनपुगेको देखिन्छ।

लामो लोकतान्त्रिक परम्परा भएका समाजमा परिवारदेखि नै प्रश्न सोध्न र जवाफदेही बन्न प्रेरित गरिन्छ। यसैले बेलायत, अमेरिका र लोकतान्त्रिक युरोपमा शताब्दियौंदेखि लोकतन्त्र जीवित रहेको छ। भन् भन् जीवन्त हुँदैगएको छ। नेपालमा भने राजनीतिक नेतृत्व गर्न तम्सनेहरूसमेत प्रश्नको सामना तयार हुँदैनन। उनीहरूमा आलोचकलाई वैरी ठान्ने र सार्वजनिक बहसलाई भावनात्मक ुवीकरणतर्फ धकेल्ने प्रवृत्ति बढ्दो छ। यस्तो संस्कृतिमा नागरिकको सहभागिता प्रतिक्रियात्मक बन्छ र नीति केन्द्रित बहसप्रति चासो हराउँदै जान्छ। फलस्वरूप जवाफदेही नेतृत्व होइन 'चमत्कारी नायक' को खोजी सुरु हुन्छ र लोकतन्त्र औपचारिकतामा सीमित हुन्छ।

प्रश्न सुन्ने क्षमता नभएको व्यक्ति नेतृत्वमा पुग्यो वा पुऱ्याइयो भने दीर्घकालमा लोकतन्त्रमात्र होइन देश नै असुरक्षित हुन्छ। शासक समाजसँग टाढिएपछि नागरिक पनि राज्यप्रति उदासीन बन्न पुग्छन्। लोकतन्त्रको रक्षा संविधानले होइन प्रश्नलाई सम्मान गर्ने लोकतान्त्रिक संस्कृतिले मात्र गर्न सक्छ।

राष्ट्र र लोकतन्त्रको भविष्य प्रविधि, चुनावी नारा वा लोकप्रियतामा निर्भर हुँदैन। बरु यो त नागरिकको विश्वासमा निर्भर हुन्छ। नागरिकको प्रश्नलाई मार्गदर्शनका रूपमा लिइएमात्र त्यो विश्वास बलियो हुन्छ। नेपाली समाजलाई लोकतान्त्रिक बनाउने हो भने सबैभन्दा पहिले प्रश्न सुन्ने संस्कृतिलाई पुनर्स्थापित गर्नुपर्छ। यही नै लोकतन्त्रको वास्तविक आधार हो। नेपाली जनताले प्रश्न सोध्ने अनि नेताहरूले सुन्ने र जवाफ दिने संस्कारको विकास गर्नुपर्छ। चुनाव यसको अभ्यास गर्ने उचित र उपयुक्त अवसर हो।

### सिरहामा स्रोत...

थिएनन्। पक्राउ परेका यादवलाई थप कानुनी कारबाहीका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ।

### *सब-इन्जिनियर...*

साँझ डेरामा थिए। पत्नी पुनम दुई वर्षीया छोरीसँग खेलिरहेकी थिइन्। तर अज्ञात व्यक्तिले डेराबाहिरै गोली हानेर हत्या गरे। 'जागिरको एक वर्ष पूरा हुन एक दिन बाँकी थियो। घर नै उहाँले चलाउनुहुन्थ्यो। अब हामी कसरी बाँच्ने ?,' पत्नी पुनमले भक्कानिँदै भनिन्।

उनका जेठा दाइ मनोजले भाइलाई गोली लागेको सुनेपछि रातारात हिँडेर सर्लाही पुगेका थिए। राति १२ बजे सर्लाही पुग्दा भाइको मृत्यु भइसकेको उनले सुनाए। 'प्रहरीले दोषी पत्ता लगाउने आश्वासन दिएको छ। तर ६ दिन भइसक्दा पनि केही भएको छैन। हामी न्याय चाहन्छौं,' उनले भने। गाउँलेले क्षतिपूर्तिसहित छोरीको निःशुल्क शिक्षा र परिवारका एक सदस्यलाई रोजगारी सुनिश्चित गर्न माग गरेका छन्। जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता डीएसपी सरोज राईले अनुसन्धान जारी रहेको बताए। 'अनुसन्धान नसकिँदै केही भन्न सकिँदैन,' उनले भने।

# भूगोल बदलेका गगन र दल फेरेका अमरेशले कसरी माग्दैछन् मत ?

**काठमाडौँको विरासत छाडेर सर्लाही–४ पुगेका कांग्रेस सभापति गगन थापालाई दल फेरेर रास्वपा पुगेका निवर्तमान सांसद अमरेशकुमार सिंहले चुनौती दिइरहेका छन्। गगन 'एक वर्षभित्रै परिणाम दिने' भन्दै मधेशको विश्वास जित्ने दाउमा रहँदा अमरेश भने 'बालेन र घन्टी' को लहरमा आफूलाई उभ्याउँदै 'लोकल कार्ड' फालिरहेका छन्। सर्लाही–४ को स्थलगत रिपोर्टः**

**दुर्गा खनाल, कृष्ण ज्ञवाली, शैलेन्द्र महतो**

सर्लाही, ९ फाल्गुन। सदरमुकाम मलंगवाबाट झन्डै १५ किलोमिटर दक्षिण भगवतीपुरबाट केही भित्र हिँडेपछि एउटा बस्ती आउँछ। स–साना एकतले बस्तीको भित्रैसम्मको गल्लीमा ढलान गरिएको बाटो छ। वरपर गुजमुज्ज बस्ती छ। त्यहीँको एक घरमा रातो टीका लगाएका एक दर्जन कार्यकर्ताहरू थिए। बाँकी अरू बस्तीका स्थानीयहरूसँग बसेर सर्लाही–४ का कांग्रेस उम्मेदवार गगन थापा एक पाका व्यक्तिको कुरा सुन्दै थिए। ती वृद्धले बस्तीका समस्याहरू सुनाइरहेका थिए। वृद्धको कुरा सुनिसकेपछि थापाले भने, 'सर्लाही–४ र अरू मधेशका ३२ निर्वाचन क्षेत्र सुधारको जिम्मा लिन म यहाँ आएको हुँ। यो मेरो खुला चुनौती भयो– एक वर्षभित्रमा पनि यो क्षेत्रमा केही सुधार सकिनँ भने तपाईंहरूको प्रश्नको सामना गर्न पनि तयार छु। यहाँ काम गर्न सकिनँ भने राजनीतिक जीवनमा पनि मैले ठूलो मूल्य चुकाउनुपर्छ भन्ने थाहा छ।'

छेवैमा रहेका ती प्रौढले तत्काल उनको त्यो अभिव्यक्तिलाई मैथिली भाषामा उल्था गरिदिए। अनि प्रश्न गरेका मतदाताले थापाको हात समाए, नमस्ते गरे। केही बेरको कुराकानीपछि कांग्रेस सभापति थापा त्यहाँबाट बिदा हुन लागे। वरपर कार्यकर्ताहरूले नारा लगाउन थाले, 'नेपाली कांग्रेस– जिन्दावाद! अबको बार– गगन सरकार।'

०००

भवानीपुरको दक्षिण–पूर्वमा गगनले भोट मागिरहँदा त्यसको केही किलोमिटर पर हरकटवामा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार अमरेशकुमार सिंह घरदैलो गरिरहेका थिए। त्यहाँ उनी एकजना शुभचिन्तकको घरमा पुगे। मत मागे, अनि कार्यकर्ताहरूले हातमा बोकेको घन्टी बजाए। सिंहले कार्यकर्ताको हातमा बजिरहेको घन्टी देखाउँदै भने, 'ठीक छ नि, बुझ्नुभो ?' केही बेरमा घरबाट एक युवती आइन्। सिंहसँग मोबाइल नम्बर मागिन्। केही बेर कुराकानी गरिन्, अनि उनको मोबाइलमा 'मिस्ड कल' दिइन् र सेल्फी खिचिन्। उम्मेदवार सिंह छेवैको अर्को घरमा जानै लाग्दा कार्यकर्ताहरूले जोडजोडले नारा लगाए, 'अबकी बार, बालेन सरकार। चुपचाप-घन्टी छाप। हरहर घन्टी– घरघर घन्टी।'

यो क्षेत्रमा गगन र अमरेश मात्र होइन, मुख्य रूपमा अरू दुई उम्मेदवारहरूको पनि चर्चा छ– जसपा नेपालका रामेश्वर राय यादव र एमालेका अमनिशकुमार यादव। नेपाल कम्युनिस्ट पार्टीबाट जसपा नेपालमा प्रवेश गरेर उम्मेदवार बनेका रामेश्वर राय पनि गाउँबस्तीहरूमा भोट मागिरहेका छन्। उनको मुद्दा छ– मधेशको प्रतिनिधित्व मधेशकै जनताले गर्नुपर्छ। एमालेका अमनिशकुमार यादवको कथा भने भिन्न छ त्यो कथामा पुग्नुअघि यो ठाउँको चुनावी इतिहास केलाउनुपर्छ।

**प्रचारका आ–आफ्नै शैली**

तीन पटकसम्म निर्वाचित भएको ठाउँ काठमाडौँ–४ छाडेर नेपाली कांग्रेसका सभापति गगन थापा मधेश झरेर उम्मेदवारी दिएको ठाउँ हो– सर्लाही–४। जहाँ, लगातार तीन पटक नै निर्वाचित अमरेशकुमार सिंह उम्मेदवार छन्। दुई पटक नेपाली कांग्रेसबाट निर्वाचित सिंहले अघिल्लो पटक भने कांग्रेसबाट टिकट नपाएपछि स्वतन्त्र उम्मेदवारी दिएर नै निर्वाचन जितेका थिए। त्यसबेला उनले कांग्रेसले टिकट नदिएकोले स्वतन्त्र उम्मेदवारी दिएको तर चुनाव जितेपछि कांग्रेस नै हुने हो भन्दै मत मागेका थिए। तर यसपटकको चुनावमा उनी कांग्रेसतिर आएनन्। उम्मेदवारी मनोनयनको केही दिनअघि मात्रै रास्वपामा प्रवेश गरेर सर्लाही–४ बाट उम्मेदवार बने।

एक त, कांग्रेस सभापतिले उम्मेदवारी दिएको ठाउँ, अर्कोतर्फ रास्वपा उम्मेदवार सिंह प्रतिस्पर्धी भएकाले सर्लाही–४ लाई मतदातालाई मात्रै होइन, मुलुकभर नै चासो छ। मलंगवा, वरपरका चोक र चियापसलहरूमा अरू ठाउँको होइन, सर्लाही–४ कै चर्चा हुने गर्छ। खासगरी कांग्रेस र रास्वपाका कार्यकर्ताहरू 'माहोल हेरेर आऔँ' भन्दै घरदैलो हेर्न जाने गरेका छन्। रास्वपा उम्मेदवार सिंहको तुलनामा थापाका शुभचिन्तक एवं कार्यकर्ताहरू अन्यत्रबाट मलंगवा पुगेर एक/दुई ठाउँ उनको घरदैलोलाई साथ दिएको देखिन्थ्यो। अन्यत्रको तुलनामा सर्लाही–४ मा 'उम्मेदवार पर्यटन' पनि फस्टाएको छ।

दुवैजनाको मत माग्ने शैली पनि फरक–फरक छ। कांग्रेस उम्मेदवार थापाले वरपर दुई/चार घरका मतदाताहरूलाई एउटा चोकमा भेला पार्छन्। उनीहरूको आकांक्षा र माग भन्न लगाउँछन् अनि सक्षिप्त रूपमा आफ्नो कुरा बताउँछन्। उनले सुन्ने र बोल्ने क्रममा स्थानीय शुभचिन्तक सँगै रहन्छन् र अनुवादकको काम गर्छन्। त्यसपछि मतदाताहरूसँग भेटघाट गर्ने, हात मिलाउने, सेल्फी खिच्ने काम गरेर बिदा हुन्छन्। देशका अन्य भागमा पनि प्रचारप्रसार र आमसभामा जानुपर्ने भएकाले उनले तीन/चार दिनमा सबै बस्तीहरूमा पुगेर घरदैलो सकाउने रणनीति लिएका छन्।

'म यहाँ आफ्नो कुरा भनिरहेको छु अलिकति भाषाको कारणले मैले कतिपय उहाँहरूसँग संवाद गर्न केही असहज छ', उनले भने, 'मलाई यहाँका दिदीबहिनीहरूका कुराहरू उहाँहरूसँगै बसेर सुन्न मन छ। त्यसमा केही भाषिक समस्या चाहिँ छ।' देशव्यापी पार्टीको चुनावी अभियानमा पनि कुनै न कुनै रूपमा जोडिनुपर्ने भएकाले क्षेत्रका प्रत्येक मतदाताकहाँ पुग्न गगनलाई केही हतारो छ। यता अमरेशकुमार सिंहलाई प्रचारप्रसारमा हतारो छैन। किनकि उनी पार्टीको मूल नेतृत्व नभएकाले आफ्नो क्षेत्रमै मतदातासँग मत मागिरहने पर्याप्त समय छ। उनलाई मतदाताहरूसँगको संवादमा समस्या छैन। स्थानीय भाषामा नै कुरा गर्छन्। उनको साथमा रहने रास्वपा कार्यकर्ताहरू भने केही चर्को सुनिन्छन्, देखिन्छन्। घन्टी बजाउनेदेखि नाराबाजीमा उनीहरू ज्यादा सक्रिय छन्।

चुनावी तामझामको मामिलामा दुवै उम्मेदवार समान शैलीमा छन्। झन्डायुक्त गाडीका साथसाथै उनीहरू शुभचिन्तकहरूका करिब आधा दर्जन गाडीहरूको लस्करसँगै हुन्छन्। निर्वाचन आयोगले पर्चा–पम्प्लेट प्रयोग नगर्ने भने पनि बस्तीहरूमा पम्प्लेटहरू सबै उम्मेदवारले प्रयोग गरिरहेकै छन्। उनीहरूको घरदैलो कोणसभा र भाषणभन्दा पनि मतदाताहरूसँगको भेटघाट र छलफलमा केन्द्रित छ।

**उस्तै मनोविज्ञान**

चुनावी तामझामको मामिलामा उम्मेदवारहरू उस्तै मनोविज्ञानमा छन्। एक–अर्कालाई निकटतम प्रतिस्पर्धी ठानेका उनीहरूले त्यसलाई व्यक्त गर्ने शैली भने फरक छ। शुक्रबार केही ठाउँको घरदैलो अवलोकन गर्दा थापाले स्थानीय स्तरमा सम्बोधन गर्नुपर्ने विषयवस्तु र त्यसमा आफ्नो लगावको कुरा गरे र, उनले यदाकदा मात्रै राष्ट्रिय मुद्दा उठाए। रास्वपा उम्मेदवार सिंहले भने स्थानीय मुद्दा त उठाउँछन् नै, त्यसमा एउटा अर्को मुद्दा पनि थपिएको छ। त्यो हो– गगन थापाको सर्लाही आगमन। उनले स्पष्ट रूपमा नै काठमाडौँबाट झरेर सर्लाही–४ मा उम्मेदवारी दिने थापाको कदममाथि नै प्रश्न उठाउने गरेका छन्। र, सर्लाही–४ का लागि आफू उपयुक्त हुँ भन्न अमरेश छुटाउँदैनन्।

घरदैलोमा कांग्रेस सभापतिले प्रधानमन्त्रीको पदमाथि आफ्नो दाबेदारीमा त्यति धेरै बोलेनन्, बरु एजेन्डाबाट त्यसको संकेत गरे। तर रास्वपाका सिंहले प्रधानमन्त्रीमा बालेनको दाबेदारीलाई कार्यकर्ता र चिह्नमार्फत जोडतोडका साथ मतदातामाझ प्रभाव पार्न खोजेको देखिन्थ्यो।

**गगन आउँदा रामेश्वरको के छ राय ?**

यो क्षेत्रमा कांग्रेस सभापति र अमरेश सिंहको चर्चाका बीचमा जसपाका रामेश्वरराय यादव र एमालेका अमनिश यादवका पनि पर्चा–पम्प्लेट पर्याप्त छन्। उनीहरू पनि घरघर केन्द्रित अभियानमा छन्। रामेश्वर राय विगतमा मन्त्री भइसकेका व्यक्ति हुन्। माओवादी पार्टीमा आबद्ध रहेका उनी चुनावअघि जसपा छिरेका थिए। उनी नेकपा सर्लाही–३ मा उठ्ने तयारी गरेका थिए। तर उक्त क्षेत्रमा नेकपाले नेता नारायणकाजी श्रेष्ठलाई उठाउने निर्णय गऱ्यो। नेकपाका एक नेताका अनुसार, राष्ट्रिय सभामा अन्य दलसँगको गठबन्धन भएर सांसद जित्ने पक्का भएको अवस्थामा रामेश्वर रायले राष्ट्रिय सभामा जाने चाहना पार्टीभित्र राखेका थिए।

त्यसैले चुनावअघिदेखि नै नारायणकाजीले सर्लाही–३ का लागि तयारी गरेका थिए। तर राष्ट्रिय सभामा चुनावी गठबन्धन नहुने भएपछि गत निर्वाचनमा नेकपाका कोही पनि निर्वाचित हुने अवस्था रहेन। राष्ट्रिय सभामा जान बाटो बन्द भएपछि रामेश्वर सर्लाही–३ मै उठ्न खोजेका थिए। तर श्रेष्ठलाई दिएपछि उनले पार्टी छोड्ने निर्णय गरे र सर्लाही–४ मा उम्मेदवारी दिए। उनी अहिले गगन र नारायणकाजी श्रेष्ठ दुवै सर्लाही प्रवेश गरेको विषयमै प्रश्न गरिरहेका छन्। 'हामीले गुलामी मानसिकता छोड्नुपर्छ गगन थापा को हो? सर्लाहीका जनतालाई झुट दिएर हुँदैन। यो क्षेत्रकै माटोमा जन्मेको प्रतिनिधित्व हुनुपर्छ', उनले आफ्नो पेजमा राखेको एउटा अन्तर्वार्तामा भनेका छन्, 'नारायणकाजी श्रेष्ठ वा गगन थापा पहाडका नेता पहाडमा हुनुपर्छ। हामी यहाँ हुनुपर्छ। प्रतिनिधिसभामा पनि मधेशको अनुहार देखिनुपर्छ।'

पहाडको मान्छे पनि तराई झरेर तराईको प्रतिनिधित्व गर्छु भन्न थाल्यो भने मधेशको प्रतिनिधित्व नै घट्ने र त्यो मधेशको हितविपरीत हुने उनको धारणा छ। त्यसैले भोट माग्दा उनले यही कुराबाट मतदाता कन्भिन्स गर्न खोजेका छन्। मधेश आन्दोलनका उपलब्धिहरू जोगाउन पनि मधेशीको प्रतिनिधित्व हुनुपर्ने उनको धारणा रहने गरेको छ।

**दिदीलाई 'डमी' बनाएर अमनिशको नारा : अबकी बार, जेन–जी सरकार**

सर्लाही–४ को भूगोलमा अर्को पनि एउटा नारा लागिरहेको छ– 'अबकी बार, जेनजी सरकार'। यो जेनजी सरकारको नारा हो

–बाँकी तीन पेजमा

## भूगोल बदलेका ...

एमालेका अमनिशकुमार यादवको। उनी २७ वर्षका भए। त्यसैले सर्लाही–४ मा उनको जितको माहोल बनाउन तय गरिएको नारा हो 'जेनजी सरकार'। यस क्षेत्रमा उनको चर्चा उनको बुवा शिवपुजन राय यादवका कारण भइरहेको छ। शिवपुजनले २०६४ सालको संविधानसभा चुनाव जितेका थिए। तर उनी रातो पासपोर्ट काण्डमा मुछिए। उनी उम्मेदवारी दिन अयोग्य रहेकाले उनले आफ्ना सन्तानहरूलाई उम्मेदवार बनाउँदै आएका छन्। त्यसैले यसपटक उनले आफ्ना छोरालाई एमाले प्रवेश गराएर टिकट दिलाए। कानुनी रूपमा उम्मेदवार अमनिश भए पनि खास उम्मेदवार शिवपुजन नै हुन्।

उनले आफ्नै छोरी मधुमाला कुमारीलाई अहिले पनि स्वतन्त्र उम्मेदवार बनाएका छन्। मधुमालाको उम्मेदवारी अहिले अमनिशका लागि भोट माग्न सहज बनाउनका लागि दिइएको शिवपुजनले बताउँदै आएका छन्। २०७९ सालको चुनावमा शिवपुजनले छोरी मधुमालालाई तत्कालीन माओवादीबाट उम्मेदवार बनाउन चाहेका थिए। तर माओवादीले मधुमालालाई टिकट दिएन। त्यसपछि मधुमालाले स्वतन्त्र उम्मेदवारी दिँदा १४ हजारभन्दा बढी मत ल्याइन्। त्यही मतको बलमा अहिले शिवपुजनले एमालेबाट आफ्नो छोरालाई उम्मेदवार बनाए। अहिले पनि विगतको आफ्नो भोट कायम रहेको शिवपुजनले बताउने गरेका छन्। शिवपुजनको सर्लाही–४ मा करिब १०–१२ हजार मतको भोट बैङ्क रहेको चाहिँ सर्लाहीमा भेटिएका धेरैले बताउने गर्छन्। व्यक्तिगत क्षमताकै भोट यति रहेको अवस्थामा पार्टी सङ्कठनको भोट पनि थपिँदा जित्ने दाबी गर्छन्।

**चुनावी दबङ्ग र सुरक्षा चिन्ता**

सर्लाही–४ को विगतको चुनावी इतिहास राम्रो छैन। त्यसैले यो क्षेत्र अहिले पनि अत्यन्त सुरक्षा संवेदनशील क्षेत्र हो। मतदाताको मत मात्रै होइन, चुनावी दबङ्ग र बाहुबल प्रयोग हुने अत्यधिक सम्भावना भएकोले यहाँ अन्तिम समयमा कुनै त्यस्तै घटना होला कि भन्ने चासो पनि देखिन्छ। तर दक्षिणी सीमा क्षेत्रसम्मै नेपाली सेनासहितको सुरक्षा टोली चाहिँ छ। सुरक्षा अधिकारीहरूका अनुसार, भारतसँग सीमा जोडिएको त्यो ठाउँमा सीमापार घुसपैठको जोखिम पनि ज्यादा हुन्छ। उम्मेदवारहरू घरदैलोमा जाँदा सशस्त्रदेखि नेपाल प्रहरी र उनीहरूका 'निर्वाचन प्रहरी' समेत वरपर चनाखोपूर्वक नजर लगाइरहेका देखिन्थे।

सर्लाही–४ किसानहरूको बाहुल्य रहेको क्षेत्र हो। त्यहाँका अधिकांश किसानहरूले उखु खेती लगाउँछन् र नजिकैको चिनी मिलमा बेच्छन्। त्यसबाहेक तरकारी खेती र अन्नबाली पनि त्यहाँका किसानहरूको आयस्रोतको आधार हो। सर्लाही टमाटरका लागि चर्चित छ, जहाँको उत्पादन काठमाडौँसम्म खपत हुन्छ। धनकौल, रामनगर, बलरा, गोडैटा गाउँपालिकाका सबै भाग त्यहाँ पर्छन्। विष्णु गाउँपालिकाको १ देखि ४ नम्बर वडा, बरहथवाको १, २, ३, ४, १३, १४, १५ अनि बसबरियाको १, २ र ३ पनि सर्लाही–४ मा पर्छ। एक लाख २१ हजार मतदाता रहेको यो क्षेत्रमा अघिल्लो पटक ६४ प्रतिशत भोट खसेको थियो। त्यहाँ अघिल्लो पटक अमरेशकुमार सिंहले करिब २० हजार मत ल्याउँदा कांग्रेसका नागेन्द्रकुमारले करिब १८ हजार भोट पाएका थिए।

स्वतन्त्र उम्मेदवार मधुमाला कुमारी यादवले करिब साढे १४ हजार भोट ल्याएकी थिइन्, जो पूर्वसभासद शिवपुजन यादवकी छोरी हुन्। जसपाका राकेशकुमार मिश्रले करिब ६ हजार र बहुजन एकता पार्टीका राजाराम पासवानले करिब पाँच हजार मत पाएका थिए। अघिल्लो पटकको समानुपातिक प्रणालीको अवस्था हेर्ने हो भने सर्लाही–४ मा कांग्रेसले सबैभन्दा बढी १६ हजार मत ल्याएको थियो। त्यसपछि जनमत पार्टीले साढे १२ हजार मत पाएर दोस्रो भएको थियो। यहाँ माओवादी र एमालेले करिब–करिब साढे ९ हजार सेरोफेरोमा मत पाएका थिए। त्यहाँ अघिल्लो पटक समानुपातिकमा रास्वपाले १२ सय भोट मात्रै पाएको थियो।
अनलाइन खबरबाट

## खैरो हिरोइनजस्तो..

मोटरसाइकलसमेत बरामद भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार पक्राउ परेका तीनजनालाई नै शुक्रबार सिराहा जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको छ।

नेपाल सरकार
भूमि व्यवस्था, सरकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**मालपोत कार्यालय, लहान (सिरहा)**

**हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

उपरोक्त सम्बन्धमा जिल्ल सिराहा साविक कचनारी गा.वि.स. वडा नं. १ हाल वरियारपट्टी गा.पा. वडा नं. ५ बस्ने फौदी यादवको छोरा कञ्चन यादवको नाममा तपसिलको जग्गाको सर्वे नापनक्शा भई फिल्डबुक तयार भएको र जग्गा दर्ता गर्न सम्म छुट भएकोले निज कञ्चन यादवको २०३०।०१।१० गते का दिन मृत्यु भई सकेको र निजको एक मात्र पत्नी खटरी देवी यादवको पनि २०२७।१०।२० गते मा स्वर्गवास भई सकेको हुँदा निजहरुको शेषपछिको हक अंश खाने मृतकको एक मात्र छोरा गनु यादवले मेरो नाममा छुट जग्गा दर्ता नामसारी गरी दिने भनि बरियारपट्टी गा.पा. वडानं. १ कार्यालयको च.नं. ७९३ मिति २०८२।०९।८ गतेको सिफारिश समेत मिसिलमा संलग्न गरी गनु यादवले यस कार्यालयमा छुट मि.नं. १३ दर्ता मिति २०८२।०९।१७ मा निवेदन दर्ता गराएको हुँदा उक्त जग्ग सम्बन्धमा यी निवेदक बाहेक अरु कोही हकदार, हक, भोग कुनै व्यक्ति विशेषलाई फरक भए वा यी निवेदकको माग बमोजिम उक्त छुट जग्गा दर्ता गरी यिन निवेदकको नाममा ज.ध.दर्ता दिँदा कौी कसैको हक मटिने भए वा कोही कसैको जोतभोग र स्वामित्वमा फरक असर पर्ने भए अथवा कुनै किसिमको सरकारी सार्वजनिक ऐलानी प्रति वा अन्य व्यक्ति विशेषको जग्गालाई फरक असर पर्ने भए साथै निवेदकको माग बमोजिम जग्गा दर्ता गर्नु नपर्ने कुनै सार्थक कारण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनत्रि स–प्रमाण यस कार्याल्यमा हक दावी वा उजुर वाजुर गर्नु आउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरि एको छ। म्याद भित्र हक दावी नगरेमा निवेदकको माग बमोजिम जग्गा दर्ता दर्ता भई जानेछ। पछि कसैका उजुर वाजुर लाग्ने छैन।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसानको महल |
|---|---|---|---|---|---|
| सिरहा | कचनारी | १ | २१२ | ०–२–३ | यो जग्ग नरगी १ को कञ्चन यादवको नम्बरी हो। |
| सिरहा | कचनारी | २क | ३१४ | ०–०–१६ | यो जग्गा नर्गी बस्ने कन्चन यादवको नम्बरी हो। |


# गगन निर्विकल्प छैनन्, तर उनको विकल्प बालेन होइनन्

काठमाडौं, ९ फाल्गुन। चन्द्रशेखर कार्की नेपाली फोटो पत्रकारितामा एक स्थापित नाम हो। बितेका तीन दशकभन्दा बढी उसँग संगत गरेको आधारमा म भन्न सक्छु, यो मान्छे राजनीति बुझ्छ। तर भाँती पुऱ्याएर व्याख्या विश्लेषण गर्दैन। हामीले पाँच सय शब्द खर्चेर लेखेको समाचारको दर्शनीय वृत्तान्त भने ऊ क्यामेराको एउटै क्लिकबाट देखाइदिन्छ। तर हालैको एक बिहान फेसबुक खोल्दा आफ्नो पोस्टमा मलाई समेत 'ट्याग' गरेर उसले लेखेको रहेछ, 'आजबाट निर्धक्क भन्न सक्छु, ३४०६ (उम्मेदवार) मध्ये एक नम्बर भनेको गगन थापा नै हो॥ आजको दिनमा देश बनाउने स्पष्ट मार्गचित्र कसैसँग छ भने त्यो गगनसँगै छ।'

त्यसको एक घण्टापछि नेपाल टेलिभिजनको पहिलो पुस्ताको कार्यक्रम उत्पादक सहजमान श्रेष्ठको फोन आयो। सहजमान अहिले सान फ्रान्सिस्को बस्छन्। 'चन्द्रेले ठीक लेखेछ,' सहजमानको भनाइ थियो, 'मैले 'वीर गणेशमान' फिल्म बनाउँदा एक जना प्रभावशाली विद्यार्थी नेताको रोल गर्ने मान्छे चाहिएको थियो। मैले गगनलाई आग्रह गरेँ उनी तत्काल राजी भए। उनले त्यो बेला अभिनय गरेका थिए, आज वास्तविक संसारमा नेतृत्व गर्न तयार छन्। अहिलेको अवस्थामा गगनको विकल्पमा अर्को मान्छे छैन।'

मेरा यी दुवै जना पुराना साथीहरू सञ्चारकर्मसँगै कुनै न कुनै रूपमा प्रजातान्त्रिक आन्दोलनसँग जोडिएका मान्छे हुन्। यस अर्थमा 'कांग्रेसी' छाप लागेका उनीहरूले गगन थापाको पक्षमा गरेको वकालतको वजन त्यति नहुन सक्छ। तर माओवादी आन्दोलनबाट उदाएर हाल सक्रिय राजनीतिबाट विश्राम लिएका विश्लेषक मुमाराम खनालको एकभन्दा बढी अन्तर्वार्ता हेर्दा उनको मनसाय पनि फरक थिएन।

किन होला?

आसन्न चुनावमा उम्मेदवारी दिएका विभिन्न दलका रंगीचंगी आकांक्षी राजनीतिक खेलाडीहरू कसैले पनि आफूलाई 'उत्कृष्ट' भनाउने क्षमता प्रदर्शन गरेका छैनन्। गगन थापालाई शंकाको सुविधा दिँदै उनको खरो आलोचना गर्ने लेखकमध्ये म पनि एक हुँ। आरजु राणा देउवामाथि लागेको भ्रष्टाचारका तपसिल मेटाउन नेकपा एमालेका नेता केपी ओली र नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवाले प्रचण्ड सरकारलाई ढाल्न मध्यरातमा गरेको सम्झौताका निम्ति गगन थापालाई दोष दिनु अन्याय हुन्छ। दलको महामन्त्री हुँदाहुँदै पनि उनले यो उदेकलाग्दो समाचार सामान्य नागरिक सरह भोलिपल्टको अखबार पढेर थाहा पाएका थिए।

शेरबहादुर देउवाको भान्छाको स्वाद पाएका उनका मतियारका निम्ति हर्षबढाइँ भए पनि गगन थापा र अर्का महामन्त्री विश्वप्रकाश शर्माले झिनो स्वरमा नै सही, विरोध भने गरेका थिए। तर थोरै बोलेर धेरै खेलोफड्को गर्ने स्वभावका देउवाले सम्भावित विद्रोहको व्यवस्थापन गर्न गगन थापालाई गठबन्धन सरकारको उच्चस्तरीय राजनीतिक संयन्त्रमा मुख्य भूमिकामा नियुक्त गरिदिए। गगन थापाको राजनीतिक भविष्यका निम्ति यो एक आत्मघाती कदम थियो। हामीजस्ता नेपाली कांग्रेसको चारआने सदस्यता समेत नलिएका तर प्रजातान्त्रिक आन्दोलन र सुशासनका हिमायतीहरूले थापाको विरोध गर्नु स्वाभाविक थियो। थापाको तत्कालीन बाध्यता वा रणनीतिका बारेमा हामीलाई थाहा हुने कुरा भएन!

**बौरिएका गगन**

केपी ओली, शेरबहादुर देउवा ( यथार्थमा आरजु राणा देउवा) को शासनकालमा एक पुर्जाका रूपमा प्रयुक्त गगन थापा बौरिएका छन्। तर नेपाली कांग्रेसको बागडोर एक असहज परिस्थितिमा उनको काँधमा आएको छ। 'जेन–जी' नामको विध्वंस नेपाली कांग्रेसका लागि एक चुनौती मात्र होइन, अवसरका रूपमा प्रकट भयो॥ गगन थापाले यो चुनौतीलाई अवसरमा परिवर्तित गरेर देखाए। यसो भन्दा संकोच मान्नुपर्ने कारण छैन। षड्यन्त्रको सिद्धान्तकारका आ–आफ्नै व्याख्या हुन्छन्। एकथरी भन्दैछन्, 'नेपाली कांग्रेसको नेतृत्व परिवर्तन त यसै पनि हुने नै थियो, शेरबहादुर देउवा विधिवत् सभापति हुने थिएनन्। तर चुनावअघि नै नेतृत्व परिवर्तन गर्न गगनलाई के को हतारो?'

यी विश्लेषकको कथन सुनिन्छ, 'जुन शक्तिले जेन–जी विध्वंस गरायो, गगन थापा र विश्वप्रकाश शर्मालाई पनि त्यसैले उचालेर विशेष अधिवेशन गराएको हो।' सोचनीय कुरा यो पनि छ, जुन शक्तिले जेन–जी विध्वंस गराएको आशंका गरिएको छ, शेरबहादुर देउवा र आरजु राणाको विवाह पनि उसैले गराएको हो। जुन मुलुकमा नक्कली शरणार्थी धमाधम पठाउने धन्दा चलेको थियो, के त्यो मुलुकलाई यसको जानकारी थिएन होला? सबै थाहा भएर पनि ऊ किन कानमा तेल हालेर बस्यो? अनि मौकामा यसलाई राजनीतिक भ्रष्टाचारको मुद्दा बनाएर किन उपयोग गऱ्यो?

एमसीसी पारित हुँदा केपी ओली पछिल्लो सिटमा बसेर के गर्दै थिए? प्रचण्डले 'व्याख्यात्मक टिप्पणी' गरेर भए पनि यो पक्षमा किन लाग्नुपऱ्यो? नेपालले चीनसँग 'बीआरआई'को हकमा 'सैद्धान्तिक सहमति' नगरेको भए के हुन्थ्यो? केपी ओलीले चीनमा भ्लादिमिर पुटिनसँग एकान्त वार्ता नगरेको भए, चिनियाँ सैन्य परेडमा सहभागी नभएको भए नेपालमा यति छिटो यो स्तरको भदौरे विध्वंस हुन सम्भव थियो?

गगन थापा अध्ययनशील र राजनीतिक व्याकरणको कखरा पढेर राजनीतिको उत्कर्षमा पुगेका व्यक्ति हुन्। उनलाई थाहा हुनुपर्छ, अहिले जुन शक्तिले उनलाई उचालेको आरोप लागेको छ, त्यो मुलुकले आफ्नो आर्थिक र राजनीतिक स्वार्थका निम्ति दोस्रो विश्वयुद्धपछि साठी मुलुकमा कहिले सडक क्रान्ति त कहिले सैनिक कू मार्फत प्रजातान्त्रिक सरकारलाई अपदस्थ गरेको उदाहरण इतिहासमा अंकित छ। थापाले सहकारी ठगीमा संगठित रूपमा निर्लिप्त रास्वपा सभापतिको संसदीय छानबिनमा जोड दिँदा रास्वपाका नेताले उनलाई संसदभित्रै 'अमेरिकी एसेट' को आरोप लगाएका थिए।

भारत पनि गगनलाई सभापति देख्न उत्साही थिएन। ऊ शेखर कोइराला अघि बढेको देख्न चाहन्थ्यो। तर गगनको प्रयास अमेरिकी उक्साहटभन्दा बढी नेपाली कांग्रेसभित्र दबेर बसेको अजीर्ण असन्तोषको उपज थियो। शेरबहादुर देउवाको नेतृत्वमा नेपाली कांग्रेसका कार्यकर्ताहरूले एक दशकसम्म रुखमा छाप लगाउन पाएका थिएनन्। गगनले नेपाली कांग्रेसलाई यो विसंगतिपूर्ण परिस्थितिबाट उद्धार गरेका छन्। तर यो पक्षको चर्चा भएको छैन।

**के होला परिणाम?**

नेतृत्व ग्रहण गर्ने क्षमता र चुनाव जित्ने कला एउटै होइन। प्रियतावादको अग्लो घोडा चढ्ने राजनीतिक फौबन्जारहरू लामो दौडका खेलाडी हुन्छन् भन्ने कुनै निश्चितता हुँदैन। तर अहिलेसम्मको अवस्था साक्षी हो, सामाजिक सञ्जालमा व्याप्त प्रियतावादी विस्फोटका प्रत्यूत, गगन थापा लामो दौडका एक निर्विकल्प घोडा भने पक्कै हुन्।

विद्यार्थी राजनीति गर्दा गणतन्त्रको पक्षमा उनले नरहरि आचार्यसँग सहकार्य गरे। यसले नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाको रणनीतिलाई ठेस पुऱ्याएको कारण उनी झन्डै पार्टीच्यूत भएका थिए। तर उनले शिष्टाचारको मर्यादा नाघेनन्। नेपाल गणतान्त्रिक व्यवस्थामा प्रवेश गरेपछि समेत उनले दलभित्र लघुताभाषपूर्ण परिस्थितिको सामना गर्दै आएका हुन्।

व्यक्तिगत प्रयासबाट एक उद्यम सुरु गर्दा उनको प्रयास विफल भयो। तर दलभित्रैबाट उनका विरुद्ध 'राज्यको अनुदान खाएर मासेर भ्रष्टाचार गरेको' लाञ्छना लाग्यो। उनलाई 'मटन काजी' र 'बाख्रे' का रूपमा मिम बनाएर बदनाम गरियो। यो अनर्गल प्रचारको फाइदा अहिले रास्वपा नामको टुप्पोबाट पलाएको दलले उठाउँदै छ। किनकि, यो कथित नयाँ दलका नेता आफैँ भुइँमान्छेको सहकारी बचत अपचलन गरेको आरोपमा जेल परेका मान्छे हुन्। विदेशी अदृश्य

–बाँकी अन्तिम पेजमा

# छोरी जिताउन जलेश्वरमा महन्थको डेरा



काठमाडौं, ९ फाल्गुन। जनता समाजवादी पार्टी (जसपा) नेपालका संरक्षक महन्थ ठाकुरले आफू राष्ट्रिय सभा सदस्य भएपछि छोरी डा. मीनाक्षी झालाई राजनीतिमा उतारेका छन्। आफूले पटक–पटक जितेको महोत्तरी–३ मा उनले छोरी मीनाक्षीलाई उम्मेदवार बनाएका हुन्। ८० वर्ष कटिसकेका ठाकुरले आफ्नो उत्तराधिकारीका रूपमा छोरीलाई राजनीतिमा प्रवेश गराएका हुन्। छोरीलाई चुनाव जिताउन ठाकुर स्वयं महोत्तरीको जलेश्वरस्थित एक होटलमा डेरा जमाएर बसेका छन्।

स्वास्थ्यका कारण क्षेत्रमा हिँडडुल गर्न नसके पनि उनी आफू बसेकै ठाउँबाट नेता, कार्यकर्ता तथा शुभेच्छुकहरूसँग भेटघाट गरी छोरीको पक्षमा माहोल बनाइरहेका छन्। महोत्तरी–३ बाट दुईपटक चुनाव जितेका ठाकुरले आफ्नो सम्पूर्ण राजनीतिक शक्ति सोही क्षेत्रमा लगाएका छन्। उनले सो क्षेत्रबाट प्रदेशदेखि केन्द्रसम्म पटक–पटक मन्त्री बनाउनुका साथै आफ्ना हरेक कार्यक्रम पनि त्यहीँ केन्द्रित गर्दै आएका छन्। उनको क्षेत्र कहिल्यै मन्त्रीविहीन रहेन।

प्रदेश होस् या केन्द्र, त्यहाँबाट कोही न कोही मन्त्री बन्थे नै। अहिले मधेस प्रदेश सरकारमा मन्त्री रहेकी रानी शर्मा तिवारी पनि सोही क्षेत्रकी हुन्। विगतका स्थानीय तह, प्रदेश तथा संघीय निर्वाचनको आँकडा हेर्ने हो भने महोत्तरी–३ मा जसपा नेपाल नै बलियो देखिन्छ। तर, ठाकुरकी छोरी भएकै भरमा टिकट पाएको र राजनीतिमा खासै भूमिका नभएका कारण मीनाक्षी कमजोर हुन सक्ने आँकलन भइरहेको छ। पेसाले डाक्टर रहेकी उनी सामाजिक काममा सक्रिय भए पनि राजनीतिमा योगदान नभएकाले पार्टीभित्रै असन्तुष्टि छ।

मीनाक्षीले टिकट पाएपछि विगतदेखि चुनाव लड्दै आएका जसपा नेता हरिनारायण यादवले असन्तुष्ट हुँदै पार्टी छाडेर स्वतन्त्र उम्मेदवारी दिएका छन्। यादव भन्छन्, 'पार्टीमा मीनाक्षीको कुनै योगदान नै छैन, अहिलेसम्म साधारण सदस्यता पनि लिनुभएको छैन। तर, संरक्षक ठाकुरले आफ्नै छोरी भएको नाताले जबर्जस्ती उम्मेदवार बनाउनुभयो। यहाँका जनताले यो कुरा राम्रोसँग बुझेका छन् र चुनावमा यसको हिसाबकिताब गर्नेछन्।' यद्यपि, जसपा नेपालका नेता डा. सुरेन्द्र झाले मीनाक्षीको अवस्था धेरै राम्रो रहेको दाबी गरे। हरिनारायण यादवको उम्मेदवारीले पार्टीलाई कुनै फरक नपर्ने उनको भनाइ छ। 'पार्टीको पुरानो नेता भएका कारण केही मत काट्लान्, त्यो बेग्लै कुरा हो। तर, उनी निर्णायक हुन सक्दैनन्,' उनले भने, 'हरेक हिसाबले महोत्तरी–३ मा जसपा नेपाल बलियो छ, त्यसैले चुनाव जित्ने लगभग निश्चित छ।' ठाकुर आफैँ महोत्तरीमा रहेर चुनावी अभियानको नेतृत्व गरिरहेको बताउँदै झाले प्रतिस्पर्धामा दोस्रो स्थानमा कांग्रेस र त्यसपछि मात्रै अन्य दल रहेको दाबी गरे।

सो क्षेत्रमा विभिन्न दल र स्वतन्त्र गरी ४१ जना उम्मेदवार चुनावी मैदानमा छन्। यहाँ नेपाली कांग्रेसका बजरङ्ग नेपाली, एमालेका मनोज सिंह, जसपाकी मीनाक्षी झा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उज्वल झा र स्वतन्त्र उम्मेदवार रामआधार कापरबिच मुख्य प्रतिस्पर्धा हुने देखिएको छ। उम्मेदवारी दर्ता गराउने दिन भएको दल फेरबदलका कारण कतिपय उम्मेदवार कमजोर देखिएको राजनीतिक मामिलाका जानकार ध्रुव राय बताउँछन्। उनी भन्छन्, 'जसपाबाट टिकट नपाएपछि हरिनारायणजी स्वतन्त्र उठ्नुभएको छ, पक्कै पनि त्यसको असर जसपाकै उम्मेदवारलाई पर्छ।' एमालेबाट टिकट नपाएपछि रामआधार कापर पनि स्वतन्त्र उठेका छन्, जसले एमालेको भोट काट्न सक्छ।

प्रायः हरेक चुनावमा उम्मेदवार बन्दै आएका रामआधार कापर अन्तिम समयमा एमालेको टिकटबाट वञ्चित भएका थिए। उनी भन्छन्, 'पार्टीबाट मेरो एकल सिफारिस भएको थियो तर अन्तिममा मलाई टिकट किन दिइएन, थाहा भएन। तर, महोत्तरी–३ का जनता मेरो पक्षमा रहेकाले मेरो जित निश्चित छ।'

मीनाक्षीका लागि अर्को चुनौती नेपाली कांग्रेस बनेको छ। २०७४ र २०७९ को निर्वाचनमा महन्थ ठाकुरलाई सघाएका कांग्रेस नेता बजरङ्ग नेपाली आफैँ उम्मेदवार बनेपछि ठाकुर बाबुछोरीलाई चुनौती थपिएको हो। कांग्रेस सभापति गगन थापा सर्लाहीबाट चुनाव लडेपछि मधेसमा कांग्रेसको माहोल पनि राम्रो बनेको छ, जसको फाइदा बजरङ्गलाई पुग्न सक्ने देखिन्छ।

रास्वपाबाट उम्मेदवार बनेका उज्वल झा यसअघि जसपा नेपालमै थिए। जसपाबाट टिकट नपाएपछि उनी रास्वपा प्रवेश गरेर चुनावमा होमिएका हुन्। मधेसमा पनि रास्वपाको प्रभाव बढिरहेकाले उज्वललाई कम आँक्न नमिल्ने स्थानीय मतदाताहरू बताउँछन्। काठमाडौँका पूर्वमेयर तथा रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहको पुख्यौली गाउँ एकडाराकै बासिन्दा हुन्, उज्वल झा। महोत्तरी–३ मा कुल १ लाख १० हजार ४ सय ३६ मतदाता रहेका छन्।

# मधेसको सुरक्षा अवस्था बुझ्न केन्द्रीय सुरक्षा समितिले खटायो एआइजी चतुर्वेदीलाई

काठमाडौं, ९ फाल्गुन। केन्द्रीय सुरक्षा समिति बैठकले नेपाल प्रहरीका एआइजी उमाप्रसाद चतुर्वेदीलाई मधेसमा पछिल्लो समय भएको र हुनसक्ने सम्भावित गतिविधिको विश्लेषण गर्न खटाउने निर्णय गरेको छ। शनिबार गृह मन्त्रालयमा बसेको समिति बैठकले एआइजी चतुर्वेदीलाई प्रतिवेदन पेस गर्नका लागि खटाउने निर्णय गरेको प्रवक्ता एवं सहसचिव आनन्द काफ्लेले जानकारी दिए। उनका अनुसार चतुर्वेदी मधेसतर्फ खटिइसकेका छन्।

पछिल्लो केहीदिन यता रौतहटमा दुई समुदायबीच झडप हुँदै आएको छ। स्थानीय प्रशासनले अनिश्चितकालीन कर्फ्यू आदेश समेत जारी गरेको छ। 'तराई क्षेत्रमा हुनसक्ने सम्भावित गतिविधि सुरक्षाको संवेदनशीलता समेत विश्लेषण गरेर प्रतिवेदन पेस गर्न र त्यो अनुसार कारबाहीको प्रक्रिया अघि बढाउन उमाप्रसाद चतुर्वेदीलाई खटाउने निर्णय भएको छ। सँगसँगै सुरक्षाका संवेदनशील क्षेत्रमा सुरक्षा निकायहरूलाई उच्च पदाधिकारी खटाउन र विश्लेषण सहितको प्रतिवेदन पेस गर्न निर्देशन भएको छ,' सहसचिव काफ्लेले भने।

रौतहटको घटना र चुनावी प्रचारप्रसारको क्रममा झण्डा जलाउने लगायत गतिविधि हुन थालेपछि गृहले समितिको बैठक बोलाएको हो। उक्त बैठकमा निर्वाचनको तयारी र समसामयिक विषयमा छलफल भएको थियो। त्यस्तै गैरकानुनी गतिविधिलाई कानुनी दायरामा ल्याइसकेको पनि उनले बताए। त्यसैगरी राजनीतिक दलहरूलाई पनि संवेदनशील हुन र आचार संहिताको पूर्ण पालना गर्नका लागि उनले अनुरोध गरे।

# चुनावको वातावरण बिग्रिँदै गएको भन्दै एमालेको चिन्ता

काठमाडौँ, ९ फाल्गुन। नेकपा एमालेले प्रतिनिधिसभा चुनावको वातावरण बिग्रिँदै गएको भन्दै चिन्ता व्यक्त गरेको छ। पार्टी केन्द्रीय कार्यालय च्यासलमा आज आयोजित पत्रकार सम्मेलनमा पार्टी प्रचार विभाग प्रमुख तथा निर्वाचन प्रचार समितिका संयोजक मीनबहादुर शाहीले सरकारले भरपर्दो शान्ति–सुरक्षाको वातावरण बनाउन नसकेको बताउनुभयो। शाहीले चुनाव नजिकिँदै जाँदा देशमा भय र त्रासको वातावरण बढ्दै गएको भन्दै रौतहटको गौरमा जारी अनिश्चितकालीन कर्फ्युले आममतदातामा थप त्रास सिर्जना गरेको उल्लेख गर्नुभयो। उहाँले निर्भीक ढङ्गले मतदान गर्ने अधिकार सुनिश्चित गर्न सरकारसँग माग गर्नुभयो।

एमालेका प्रमुख नेताहरू उम्मेदवार रहेका क्षेत्रमा झण्डा जलाउने, नेतृत्वविरुद्ध घृणा फैलाउने, 'फेक' सर्वेक्षण सार्वजनिक गरेर जनमत प्रभावित पार्ने तथा प्रचार सामग्री तोडफोड गर्ने जस्ता गतिविधि भइरहेको भन्दै एमालेले त्यसतर्फ सरकार र निर्वाचन आयोगलाई सचेत गराएको छ।

# रौतहटको गौरमा कर्फ्यू आदेश जारी

काठमाण्डौ, ९ फाल्गुन। जिल्ला प्रशासन कार्यालय रौतहटले गौर नगरपालिकामा कर्फ्यू आदेश जारी गरेको छ। वडा नम्बर ६ मा रहेको सनगढा गाउँमा दुई समुदायबीच भएको झडपले उग्र रूप लिएपछि प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले कर्फ्यू आदेश जारी गर्नुभएको हो। दिउँसो १ बजेदेखि लागू भएको कर्फ्यू अर्को आदेश जारी नभएसम्म कायम रहने सूचना भनिएको छ। प्रजिअ भुसालका अनुसार सदरमुकाम गौर भन्सार कार्यालय, पूर्वमा मुडबलवा गेट, पश्चिममा लालबकैया बाँध, उत्तरमा बम नहर क्षेत्रभित्र कर्फ्यू आदेश जारी भएको छ।

हिजो बिहानदेखि रौतहटको गौर क्षेत्र तनावग्रस्त बन्न पुगेको हो। अहिले पनि अवस्था असामान्य बन्दै गएपछि कर्फ्यू जारी भएको हो। गौरको वडा नम्बर ४, ५ र ६ मा झडप भएको छ। झडपका क्रममा एउटा गाडीमा आगजनी भएपछि अवस्था तनावग्रस्त बनेको हो। कर्फ्यू अवधिमा कुनै पनि व्यक्ति घरबाहिर निस्कन, भेला जुलुस गर्न, सभा प्रदर्शन गर्न तथा आवतजावत गर्न पूर्णरूपमा निषेध गरिएको प्रशासन कार्यालयले जनाएको छ।

# गाउँगाउँमा गस्ती गर्न कार्यकर्तालाई सीके राउतको निर्देशन

सप्तरी, ९ फाल्गुन। जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले आज आफ्नो क्षेत्रमा युवा कार्यकर्ताहरूलाई प्रशिक्षण दिएका छन्। जनमत पार्टीलाई जिताउन सिपाहीको रूपमा काम गर्न अध्यक्ष राउतले आग्रह गरेका छन्। 'सप्तरीमा गुण्डाराज चलिरहेको छ, त्यसलाई अन्त्य गर्न जनमत पार्टी जित्नुपर्छ,' उनले भनेका छन्। त्यति मात्र होइन, उनले आफ्ना कार्यकर्तालाई चुनावभर मोटरसाइकलले गाउँगाउँ गस्ती गर्न निर्देशन पनि दिएका थिए। चुनावको समयमा अन्य पार्टीका उम्मेदवाले मतदातालाई प्रलोभनमा पारेर माछामासु, पैसा दिन सक्ने भन्दै त्यसलाई रोक्न गाउँगाउँमा जान उनले निर्देशन दिएका हुन्।

जनमतले ३० हजार जेनजीलाई प्रहरीमा भर्ना गर्ने, १३ सय महिलालाई रोजगारी दिने, स्वयंसेवक शिक्षक भर्ना गर्नेजस्ता कामबारे पनि जनतालाई जानकारी दिन अध्यक्ष राउतले निर्देशन दिएका छन्।

## *गगन निर्विकल्प...*

शक्ति, स्वदेशी सेना र अदालतका एकजना न्यायाधीशको उदेकलाग्दो आदेशको भरमा अस्थायी रूपमा जेलमुक्त भएका उनी बृहत् राजनीतिक चलखेलको एक प्यादा हुन सक्छन्। उनीसँग अर्कोलाई होच्याउने बाहेक अरू एजेन्डा देखिँदैन। 'सिध्याउने, देखाउने, सटर बन्द गर्ने' जस्ता प्रतिशोधात्मक नाराको भरमा नयाँ दल चुनाव लड्दैछ। यो नयाँ दलका नेताको टाउकोमा संगठित अपराध र सम्पत्ति शुद्धीकरणको 'डेमोक्लसको तरबार' झुण्डिएको छ। चुनाव जिते पनि उनको सांसद पद अहिलेको अवस्थामा स्वतः निलम्बित हुनेछ तर, तुजुक हेर्न लायक छ। गगन थापालाई 'मटन काजी' भनेर जिउँदै सामाजिक सञ्जालको खड्कुलोमा उमाल्नेहरू आफ्ना नेताका बारेमा किन प्रश्न गर्दैनन्?

उनका 'ब्रदर इन आर्म्स' बालेन शाह काठमाडौं महानगरपालिकाका मतदाताले दिएको चार वर्षे मेयरको मतादेशलाई धोका दिएर प्रधानमन्त्रीको दौडमा छन्। घिउ बेचुवा र तरबार बेचुवाको भूमिकामा चुनावी दौडमा हिँडेका रास्वपा सभापति र वरिष्ठ नेताको अहिले नै कुरा मिलेको छैन। कथं सत्तामा आए भने के होला? त्यो हरिबिजोग त हेर्नै बाँकी छ। अब सामान्य 'भिजनको' कुरा गरौं, बालेन शाहले काठमाडौं महानगरपालिका चुनावमा कबोल गरेका आकर्षक नाराको एक तिहाइ गरेर देखाउन सकेनन्। संघीय सरकारले दिएको विकास खर्चको चालीस प्रतिशत पनि खर्च गर्ने ल्याकत भएन उनको। मुलुकका अरु महानगरको तुलनामा उनको 'रिपोर्ट कार्ड' पुछारमा देखियो।

तैपनि चुनाव लड्ने बेला भनिदिए, 'भोट माग्न होइन, काम माग्न आएको। मान्छेलाई बाटोमा सुताएर, रुखमा बाँधेर भए पनि दुई वर्षको काम डेढ वर्षमा गर्नेछु।' यता त्यही मुद्दामा गगन थापाको भनाइ थियो, 'पूर्वाधार निर्माणको सवालमा ४१ ओटा कानुन बाधक छन्। केही निलम्बन गर्नुपर्नेछ, केही समन्वय गर्नुपर्नेछ, केही परिमार्जन गर्नुपर्नेछ।' मान्छे सुताएर र रुखमा बाँधेर सडक बन्ने भए कुरा अर्कै हो, तर संघीय संसदमा जानेले कानुन बनाउने हो। घण्टी बजाउने होइन।

नयाँ भनिने दलका समर्थकहरू सामाजिक सञ्जालमा हिंस्रक रूपमा प्रस्तुत हुँदैछन्। विशेषतः आफ्नो दलको विरोध गर्ने महिलाहरूको चरित्रहत्या गर्न रास्वपाका कार्यकर्ताहरूले सामाजिक सञ्जालको जुन दुरुपयोग गरेका छन्, यो प्रवृत्तिले चित्कार गर्दैछ, यिनले जितेको देश सुरक्षित हुनेछैन। कमसेकम गगन थापा यिनीहरूभन्दा माथि छन्। (राजेश मिश्र हाल अमेरिकाको सान डिएगो, क्यालिफोर्नियामा बसोबास गर्छन)

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा.–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)